# बागमती प्रदेश सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# पशु सेवा कार्यालय लगनखेल ललितपुर

लगनखेल, ललितपुर
(कार्यक्षत्र: काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या ०८२।०८३
चलानी नंम्वर ३०६

मिति :- २०८२/८/२६

श्री स्थानिय तह सवै,
नगरकार्यपालिकाको कार्यालय/गाँउकार्यपालिकाको कार्यालय
काठमाण्डौ, भक्तपुर र ललितपुर

विषय:- प्रस्ताव आह्वानको सूचना टाँस सम्वन्धमा ।

प्रस्तुत विषयमा पशु सेवा कार्यालय,ललितपुरको आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रस्ताव आह्वानको सुचना मिति २०८२/८/२६ गतेको राजधानी दैनिक पत्रिकामा प्रकाशन गरिएको हुँदा तहाँ नगरकार्यपालिकाको कार्यालय/गाँउकार्यपालिकाको कार्यालयको सूचना पाटिमा टाँस गरि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

डा. आभास कोइराला
पशु विकास अधिकृत
अधिकृतस्तर आठौं

फोन न: ०१५४४७३७७/०१५४४२४४९वसाईट www.vhleclalitpur.bagamati.gov.np ईमेल vhlseclalitpur@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्र: काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या: ०८२।०८३
चलानी नंम्वर

## प्रस्ताव आह्वानको सूचनाको

प्रथम पटक प्रकाशित मिति:२०८२।०८।२६

पशु सेवा कार्यालय, ललितपुर आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कार्यक्रम सञ्चालनका लागि ललितपुर, काठमाडौं र भक्तपुर अन्तर्गतका इच्छुक पशुपालक तथा मत्स्यपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पशु सेवा कार्यालय ललितपुर दर्ता गर्नुहुन। काठमाडौं कार्यक्षेत्र भएका प्रस्तावकको हकमा पशु सेवा केन्द्र, काठमाडौं वा भक्तपुर कार्यक्षेत्र भएका प्रस्तावकको हकमा पशु सेवा केन्द्र, भक्तपुरमा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनोट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल:

| क.स. | कार्यक्रमको नाम | कुल विनयोजित बजेट रु. हजारमा | एकाइ | प्रति एकाइ अधिकतम प्रोत्साहन रकम रु. हजारमा | प्रस्तावक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | करेसा पोखरीमा कार्प जातको माछापालन | ३५० | संख्या | ५० | अन्तर्गत दर्तावाल माछापालक निजी फार्म | |
| २ | पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम | २२४० | संख्या | २०० | दर्तावाल निजी पशुपन्छी तथा मत्स्य फार्म/कम्पनी र उद्यमी | |
| ३ | दुग्ध उत्पादन वृद्धि (दुग्ध जोन) कार्यक्रम | १३१२.५ | पटक | ७५ | भक्तपुर जिल्लाको चागुनाराण नगरपालिका, ललितपुर जिल्लाको बागतमी गाँउपालिका-१, ३, ५, ६, | |

फोन न:०१-५४४७३७७/०१-५४४२४४९ वेवसाईट : www.vhleclalitpur.bagamati.gov.np ईमेल :vhlseclalitpur@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्र: काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या · ०८२।०८३
चलानी नंम्वर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ७, कोन्ज्योसोम गा.पा-१, ५, महाँकाल गा.पा-४,५, र काठमाडौ जिल्लाको नागार्जुन न.पा- ६, तारकेश्वेर न.पा- २ र ३ वडाका भैंसी/गाई पालक निजी फर्म | |
| ४ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | १०५० | संख्या | १०० | आर्थिक रुपले कमजोर आदिवासी जनजाति, महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न खस आर्य, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदाय तथा भूगोल वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषक | |
| ५ | भैंसी प्रवर्धन कार्यक्रम | १७५० | पटक | ३५० | भैंसीपालक कृषक समूह/सहकारी र दर्तावाल भैंसीपालक निजी फार्म | |

**अनुसूची-३ अनुसारका आवश्यक कागजातहरु:**

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,
२) कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज
४) कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,
५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम ५(पाँच) वर्षको करार सम्झौता पत्र,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्रः काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या: ०८२।०८३
चलानी नंम्वर

६) स्थानीय तहको सिफारिस,

७) अनुसूची-४ बमोजिमको कार्य योजना,

८) अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र,

९) अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

१०) कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनोट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

११) करेसा पोखरीमा कार्प जातको माछापालन कार्यक्रमको हकमा अनुसूची-१७ बमोजिम पानी गुणस्तर पुरा गरेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ।

पुनश्चः

- एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस कार्यालयको **vhleclalitpur.bagamati.gov.np** वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम संशोधन भइ स्वीकृत बजेट एवं लक्ष्य परिमाण परिवर्तन भएमा सोही अनुरुप हुने गरी कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ।
- विगतमा यस कार्यालयबाट कुनै पनि कार्यक्रममा छनोटमा नपरेका प्रस्तावकलाई प्राथमिकता दिइनेछ।

थप जानकारीको लागि सम्पर्क नम्बर ९८५१३३३३४९, ०१५४४२४४९ र ९८५११३७९७० मा सम्पर्क गर्नु होला।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
लगनखेल, ललितपुर
(कार्यक्षत्रः काठमाण्डौ, ललितपुर र भक्तपुर)

**डा. नितेश कार्की**
पशु चिकित्सक
अधिकृतस्तर आठौं
नि. कार्यालय प्रमुख